**बैठक नं. ९८**

**आज मिति २०८२ मंसिर १७ गते, बुधबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

ljifox? M

१. योमारी उत्सव सम्बन्धमा ।

२. आयुर्वेदिक औषधी खरिद सम्बन्धमा ।

३. सांस्कृतिक प्रतियोगिता सम्बन्धमा ।

४. समिति निर्णय अनुमोदन ।

५. विविध ।

lg0f{ox? :-

१. यस वर्षको योमारी पुन्हीको अवसरमा मिति २०८२ मंसिर २० गते, शनिवारका दिन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छे (रोहित) ज्यूको प्रमुख आतिथ्यमा योमारी प्रतियोगिता सञ्चालन गरी योमारी उत्सव देहायको कार्यक्रम गरी मनाउने निर्णय गरियो :

योमारी उत्सव हुने मिति : २०८२ मंसिर २० गते, शनिबार

उद्घाटन ऱ्याली हुने स्थान : इनाग, भनपा. १,

ऱ्याली शुरु हुने समय : दिनको १:०० बजे

योमारी प्रदर्शनी हुने स्थान : दत्तात्रय, भनपा ९

योमारी उत्सव हुने समय : दिनको २:०० बजे

सांस्कृतिक कार्यक्रम हुने स्थान : सूर्यमढी, भनपा १

खाद्य स्थल र स्थानीय उत्पादन प्रदर्शनी स्थल : सलां गणेश, क्वाठण्डौ, गछें, चोफल, सूर्यमढी, जेंला हुंदै योमारी महोत्सव हुने स्थल, दत्तात्रयसम्म अवलोकन ऱ्याली

**ऱ्यालीमा सहभागी हुने सांस्कृतिक बाजाहरु**

भनपा वडा नं. १ बाट गुलाँ बाजा

भनपा वडा नं. २ बाट बाँसुरी बाजा

भनपा वडा नं. ३ बाट धिम्य बाजा

भनपा वडा नं. ४ बाट धाँ बाजा

भनपा वडा नं. ५ बाट भ्वाइलेन बाजा

भनपा वडा नं. ६ बाट नाय् खिँ बाजा

भनपा वडा नं. ७ बाट पछिमा बाजा

भनपा वडा नं. ८, ९ र १० बाट दुई/दुई वटा सांस्कृतिक विधा प्रस्तुति

**यस उत्सवमा प्रदर्शित योमारी मूल्यांकन गर्न मूल्यांकन मण्डल गठन गरी सोको नेतृत्व श्री उकेश कवांले गर्ने निर्णय गरियो ।**

२. मिति २०८२/०८/१९ गते च.न. १८० को सिंहदरवार वैद्यखाना विकास समितिको पत्रबाट प्राप्त आयुर्वेदिक औषधीहरुको दररेट अनुसार G to G प्रावधान बमोजिम उक्त वैद्य खानाबाट नागरिक आरोग्य सेवा केन्द्र, भक्तपुरको लागि आवश्यक देहाय बमोजिमको आयुर्वेदिक औषधीहरु खरिद गर्ने निर्णय गरियो :-

| s.n | Medicine name | Price | Quantity | Total |
|---|---|---|---|---|
| 1 | Avipattikar Churna | 102.5 | 500 | 51250 |
| 2 | Mahanarayan Tel | 184.5 | 80 | 14760 |
| 3 | Sitopaladi Churna | 131.2 | 200 | 26240 |
| 4 | Yograj guggul | 205 | 160 | 32800 |
| 5 | Kaishor guggul | 213.2 | 160 | 34112 |
| 6 | Mrighamadasav | 98.4 | 21 | 2066.4 |
| 7 | Chandraprabha Wati | 274.7 | 30 | 8241 |
| 8 | Triphala churna | 65.6 | 60 | 3936 |
| 9 | Ashwogandha churna(Sogn) | 159.9 | 100 | 15990 |
| 10 | Amalaki Churna | 151.7 | 20 | 3034 |
| 11 | Dashmul Teil | 264 | 10 | 2640 |
| 12 | Khadiradi Wati | 82 | 22 | 1804 |
| 13 | Mahasankha Wati | 102.5 | 30 | 3075 |
| | **Total** | | | **199948.4** |

३. हरेक वर्ष यस नगरपालिकाले सञ्चालन गर्दै आएको साँस्कृतिक बाजा प्रतियोगिता अन्तर्गत यस वर्ष लालाखिं बाजा प्रतियोगिता सञ्चालन गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

४. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०८२।८।१४ गतेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. यस नगरपालिकाबाट लिइएको शैक्षिक ऋणको अन्तर्वार्तामा वडा नं. ९ का किपा प्रजापति वि.एस.सी. सी.एस.आई.टी. को छुट भएको हुँदा निजलाई नियमानुसार अन्तर्वार्ता लिई छनौट गर्ने निर्णय गरियो ।

२. जनस्वास्थ्य कार्यालयको च.नं. २१६ मिति २०८२।८।१३ को पत्रबाट २२ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाउने भनी लेखी आएकोले यही मंसिर १९ गतेका दिन दिनको १:०० बजे यस नगरपालिकामा कार्यक्रम आयोजना गरी दिवस मनाउने निर्णय गरियो ।

**ख. युवा तथा खेलकुद समिति**

मिति २०८२।८।१४ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ मंसिर २५ गतेदेखि पौष १ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता २०८२ को उद्घाटन कार्यक्रम मिति २०८२ मंसिर २५ गतेका दिन हिमालयन ग्लोरी ई. स्कूल, गणेश मा.वि., भार्वाचो र आस्था सांस्कृतिक समाजलाई नृत्य प्रस्तुत गर्न अनुरोध गर्ने र आत्मरक्षा सम्बन्धी खेल प्रदर्शन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ मंसिर २५ गतेदेखि पौष १ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता २०८२ मा सहभागी हुने विद्यालयहरुलाई तपसिल अनुसार खेल सामाग्री वितरण गर्ने निर्णय गरियो :

**तपसिल**

१. मादल – १ वटा    २. फुटबल – १ वटा    ३. भलिबल – २ वटा    ४. भ्यालिचा – १ वटा

४. **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. यस न.पा.को बा १ क ९०२५ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.१,३३,५६०।– हाम्रो हेभी ईक्युप्मेन्ट वर्कशप प्रा. लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

ख. यस न.पा.को BAB 7277 नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.४,५००।–, BAB 9471 नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.७,१००।– र BAB 9470 नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.७१००।– गरी कुल जम्मा १८,७००।– पूर्ण अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. यस न.पा.को बा १ क ३५७७ नं. को गाडीमा आवश्यक सामान मर्मत तथा ह्याण्डल खरिद गरे वापत रु.४,१००।– ख्वप टुल्स ट्रेर्डसलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. यस न.पा.को बा १ क ९१३४ नं. को गाडीमा टायर पंचर टाले वापत रु.४,९००।– ड्राईभर दिनेश बासीलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक फलफूल, दही उपलब्ध गराए वापत रु.२७,९७०।- एच. एण्ड एच. जुस पसललाई भुक्तानी दिने निर्णय गरियो ।

च. यस न.पा.को बा ३४ प ८६३० नं. को मोटरसाईकल इञ्जिन मर्मत गरे वापत रु.१३,९५०।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

छ. यस न.पा.को बा १ ग ३२३९ नं. को गाडीमा विभिन्न सामान मर्मत गरे वापत रु.१९,१८१।- र बा १ क ९१३४ नं. को गाडीमा विभिन्न सामान मर्मत गरे वापत रु.३१,९२२।- गरी कुल जम्मा रु. ५१,१०३।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ज यस न.पा.को बा ५ च २५२८ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.१,६०,२७३।- युनाइटेड अटो सलुसन प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।